# पाखीबास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
पाखीबास, धनकुटा
२०७३
कोशी प्रदेश, नेपाल


प.सं.:-२०८०/०८१ मितिः-२०८०/१०/२८
च.नं.:- १४६८

**विषयः कक्षा ५ र ८ को नगरस्तरीय परीक्षा आवेदन फारम खुलाइएको सम्बन्धमा ।**

**श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु,**
**पाखीबास नगरपालिका, धनकुटा ।**

प्रस्तुत विषयमा यस पाखीबास नगरपालिकाको परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०८०/१०/२५ गतेको निर्णयानुसार शैक्षिक सत्र २०८० को कक्षा ५ र ८ को नगरस्तरीय परीक्षा आवेदन फारम खुलाइएको हुँदा सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुले तपसिल बमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

१. सर्वप्रथम http://emis.cehrd.gov.np मा गई आफ्नो विद्यालयको User name र Password राखि यस शैक्षिक सत्र २०८० मा कक्षा ८ को अन्तिम परीक्षामा संलग्न हुने विद्यार्थीहरुको विवरण IEMIS मा रुजु गरी नमिलेको भए निजको जन्मदर्ता प्रमाणपत्रका आधारमा अनलाइन विवरण अद्यावधिक गर्ने तथा परीक्षार्थीको पासपोर्ट साइज फोटो अनिवार्य रुपमा अपलोड गर्नुपर्नेछ ।

२. विद्यालयहरुले कक्षा ८ को नगरस्तरीय परीक्षामा सहभागी हुने विद्यार्थीको जन्मदर्ताको प्रतिलिपि, IEMIS मा भरेको तथ्यांकका आधारमा तयार भएको विद्यार्थीको आवेदन फारम १ (एक) प्रति र प्रवेशपत्र २ (दुई) प्रति प्रिन्ट गरी सम्बन्धीत परीक्षार्थी र प्रधानाध्यापकले हस्ताक्षर गरेर मिति २०८०/११/१५ गते भित्र शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्नेछ ।

३. कक्षा ५ को परीक्षामा सहभागी हुने विद्यार्थीको नामनामेसी विवरण (Excel Sheet मा तयार गरी) र जन्मदर्ताको प्रतिलिपि मिति २०८०/११/१५ गते भित्र शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्नेछ ।

४. संस्थागत विद्यालयहरुले आ-आफ्ना विद्यालयबाट परीक्षामा संलग्न हुने विद्यार्थीहरुको लागि परीक्षा शुल्क वापत कक्षा ८ को प्रतिविद्यार्थी रु. ५५० (अक्षरेपी पाँच सय पचास मात्र) र कक्षा ५ को प्रतिविद्यार्थी रु. ५०० (अक्षरेपी पाँच सय मात्र) का दरले यस नगरपालिकाको NIC ASIA बैंकमा रहेको **आन्तरीक राजश्व खाता (०८८०२०५००२८४८३००२)** मा रकम दाखिला गरेको सक्कल भौचर आवेदन फारममा संलग्न गर्नुपर्नेछ ।

**नोटः** परीक्षा आवेदन दिइसके पश्चात तयार गरेर ल्याइएको विद्यार्थीको जन्मदर्ता प्रमाणपत्रको विवरण अनुसार परीक्षाको प्रमाणपत्र नसच्याइने भएकाले यदी कुनै विद्यार्थीको जन्मदर्ता विवरणमा नाम, थर, जन्ममिति, वुवाआमाको नाम सच्याउनु पर्ने भएमा परीक्षाको आवेदन फारम भर्नु अगावै विद्यालयले सो कार्य सम्पन्न भएको सुनिश्चत गर्नुपर्नेछ ।

२०८०/१०/२८

गुणराज ढकाल
शिक्षा शाखा प्रमुख